**२.६ प्राथमिकता निर्धारणको आधार, मापदण्ड र विधि तयार गर्ने**


आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणका लागि स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख भएका आधारहरूका साथै दीगो विकास लक्ष्य र क्षेत्रगत आधारहरू समेत थप गर्न सकिनेछ। आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणका लागि भार (Weightage) विधि लगायत एक वा एकभन्दा बढी विधिहरूको प्रयोग गर्न सकिनेछ। उपरोक्त विधिहरू मध्ये भार विधिको प्रयोग गर्न प्राथमिकता दिनुपर्दछ। प्राथमिकता निर्धारणका आधार र विधि **अनुसूची - ११** मा प्रस्तुत गरे बमोजिम हुनुपर्नेछ।

## चरण ३ : बस्ती तहमा योजना छनौट

यस चरण अन्तर्गतका कार्यहरू देहायअनुसार सञ्चालन गर्नुपर्नेछः-

**३.१ बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँट गर्ने**

वडा समितिले वडामा रहेका सबै बस्तीहरूको सूची तयार गर्नुपर्दछ। समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यलाई विभिन्न बस्ती वा टोलको योजना तर्जुमा कार्यमा सहजीकरण गर्न संयोजन गर्ने जिम्मेवारी प्रदान गर्नुपर्नेछ। सूचीअनुसारका हरेक बस्तीमा योजना छनौट बैठक आयोजना गर्न सम्भव भएसम्म सबैलाई पायक पर्ने स्थानमा बोलाउने गरी भेलाको कार्यतालिका तयार गर्नुपर्दछ। वडा समितिले वडाभित्रका बस्तीहरूमा योजना तर्जुमाको लागि बैठक हुने दिन, मिति र समय कम्तिमा तीन दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ। बैठकको कार्यतालिका अनुसार बस्ती/टोलस्तरमा योजना छनौट बैठकको छलफलमा आएका विषयवस्तु टिपोट गर्ने कर्मचारी वा कर्मचारी उपलब्ध नभएमा सहजकर्ताको समेत व्यवस्था गर्नुपर्दछ। बस्ती/टोलस्तरमा योजना तर्जुमा सम्वन्धमा छलफल गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, बालबालिका, विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन जस्ता विषयमा विशेष ध्यान दिई सहजीकरण गर्नुपर्दछ।




**३.२ बस्ती/टोलस्तरमा आयोजना तथा कार्यक्रम छनौट गरी वडा समितिमा पेश गर्ने**

बस्ती/टोलस्तरको बैठकबाट आवश्यकता पहिचान र प्राथमिकता निर्धारण गरी बस्ती/टोलस्तरका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ। बस्ती/टोलस्तरमा आवश्यकता पहिचान तथा आयोजना र कार्यक्रम छनौट गर्दा **"कोही पनि नछुटुन् र कोहीपनि पछाडि नपरुन्"** को अवधारणा अनुसार सो

बस्तीभित्रका सबै वर्ग र समुदाय (महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारु, मुस्लिम, उत्पीडित वर्ग, पिछडावर्ग, अल्पसङ्ख्यक, सिमान्तकृत, युवा, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङख्यक, आदि) को प्रतिनिधित्व सुनिश्चित गर्नुपर्दछ।

बस्ती / टोलस्तरमा हुने योजना तर्जुमा प्रक्रियामा टोल वा बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरू (टोल विकास संस्था, आमा समूह, बाल क्लव वा सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह आदि) लाई पनि सहभागी गराउनु पर्दछ। बस्तीमा योजना छनौट गर्दा दिगो विकास लक्ष्य प्राप्त गर्ने एवम् विपद् जोखिम न्यूनीकरण, जलवायु परिवर्तन अनुकूलन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा प्रत्यक्ष योगदान गर्ने आयोजना तथा कार्यक्रम छनौट गर्न सहजीकरण र प्राथमिकता दिनुपर्नेछ। बस्ती / टोल तहको छलफलबाट टिपोट तथा छनौट भएका आयोजना तथा कार्यक्रमको अभिलेख तयार गरी संयोजकले निर्धारित ढाँचामा वडा समितिमा पेश गर्नु पर्नेछ। वस्ती / टोल तहमा योजना छनौट गर्ने र वडा समितिमा पेश गर्ने विवरण फाराम **अनुसूची - २३** मा दिइएको छ।

## चरण ४ : वडास्तरमा प्राथमिकता निर्धारण तथा छनौट

यस चरण अन्तर्गतका कार्यहरू देहायअनुसार सञ्चालन गर्नुपर्नेछ :-

### ४.१ बस्ती / टोलस्तरबाट प्राप्त आयोजना / कार्यक्रम विषय क्षेत्रअनुसार सूची तयार गर्ने

बस्ती / टोलस्तरबाट प्राप्त आयोजना / कार्यक्रमहरूलाई एकीकृत गरी विषयक्षेत्रअनुसार छुटचाई निर्धारित ढाँचामा सूचीकृत गर्नुपर्दछ। यस प्रकारको आयोजनाको सूचीमा वडा समितिले पहिचान गरेका वडास्तरीय आयोजनाहरू समेत समावेश गरी प्राथमिकता निर्धारणका लागि वडा समितिको बैठकमा पेश गर्नुपर्दछ। यसरी सूची पेश गर्दा प्राथमिकता समेत निर्धारण गरी पेश गर्दा छलफलका लागि आधार उपलब्ध हुनसक्दछ।

### ४.२ वडा तहमा आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण तथा छनौट गर्ने

यस प्रकार छनोट भएका आयोजना तथा कार्यक्रमको सूचीबाट वडा समितिले कार्यपालिकाबाट उपलब्ध आयोजना प्राथमिकता निर्धारणका आधारहरू तथा बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको आधारमा आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्नुपर्दछ। वडा समितिले आयोजना / कार्यक्रमको प्राथमिकताक्रम निर्धारण गर्दा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तोकेको आधार तथा विधि बमोजिम गर्नुपर्नेछ। आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारणको आधार, विधि तथा ढाँचा **अनुसूची - ११** मा दिइएको छ। वडा समितिले बजेट तर्जुमा सम्बन्धी मार्गदर्शनको आधारमा वडालाई प्राप्त बजेट सीमा भित्र रही वडा मार्फत् सञ्चालन हुने प्राथमिकताक्रममा रहेका आयोजना / कार्यक्रमको विवरण तयार गर्नुपर्दछ। वडा समितिले कार्यपालिकामा पेश गर्ने आयोजना तथा कार्यक्रमको विवरणको ढाँचा **अनुसूची - २४** अनुसार हुनुपर्नेछ।

वडास्तरको बजेट सीमाभित्र रही वडा समितिले पारित गरेको आयोजना तथा कार्यक्रमलाई दोहोरो नपर्ने भएमा त्यसैलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले अन्तिम रूप दिन उपयुक्त हुन्छ। यसका साथै वडा समितिले दुई वा सोभन्दा बढी वडा समेटिने महत्वपूर्ण आयोजना / कार्यक्रमहरू तथा वडास्तरीय बजेट सीमाले नपुग्ने आयोजनाहरू समावेश गर्नुपर्ने भएमा औचित्य खुलाई छुट्टै सूची तयार गरी कार्यपालिकामा

**अनुसूची २३:**

# बस्ती/टोल स्तर आयोजना छनौट तथा सूची तयारी फाराम

*(दिग्दर्शनको परिच्छेद ४ को दफा ४.८ को चरण ३ को बुँदा ३.२ सँग सम्बन्धित)*

## क. वस्ती/टोल स्तरको आवश्यकता पहिचान तथा छनौट फाराम

| विषय क्षेत्र तथा उपक्षेत्र | के उपलब्ध छ ? (संभावना) | के छैन ? (आवश्यकता) | के हुनु पर्छ (कार्यक्रम/आयोजना) ? |
|---|---|---|---|
| **आर्थिक क्षेत्र:** कृषि, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी तथा वित्तीय क्षेत्र आदि । | | | |
| **सामाजिक क्षेत्र:** शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सँस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आदि । | | | |
| **पूर्वाधार क्षेत्र :** सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, ऊर्जा, लघु तथा साना जलविद्युत, सञ्चार आदि । | | | |
| **वन, वातावरण तथा विपद् व्यवस्थापन:** वन तथा भू-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन, वारुणयन्त्र सञ्चालन आदि । | | | |
| **संस्थागत विकास, सुशासन र सेवा प्रवाह:** ऐन कानून तर्जुमा, संस्थागत विकास, स्रोत परिचालन, योजना व्यवस्थापन, सेवा प्रवाह, सूचना व्यवस्थापन आदि । | | | |

## ख. वस्ती/टोलस्तरबाट छनौट भई वडा समितिमा पेश गर्ने आयोजना विवरण फाराम

| विषय क्षेत्र | आयोजना/कार्यक्रम विवरण | | | लागत अनुमान (रु हजारमा) | | | | लाभान्वित घरधुरी/जनसंख्या | माग गर्ने समूह, टोल/समुदाय वा वस्तीको नाम |
|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | स्थल/स्थान | परिमाण | समुदायको योगदान | गापा/नपा | अन्य | जम्मा | | |
| आर्थिक विकास | | | | | | | | | |
| सामाजिक विकास | | | | | | | | | |
| पूर्वाधार विकास | | | | | | | | | |
| वन, वातावरण र विपद् व्यवस्थापन | | | | | | | | | |